मिति २०७९ फागुन ११ गतेको नयापत्रिका दैनिकमा प्रकाशित


# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

**CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.**

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

**केन्द्रीय कार्यालय : मध्यबानेश्वर, काठमाण्डौं, फोन/फ्याक्स : ०१-४४९०५१३/४४६५७८५**

E-mail:info@chhimekbank.org, Website : www.chhimekbank.org


## २१औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यहि मिति २०७९/११/०४ गते बसेको सञ्चालक समितिको २८३औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २१औं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७९/१२/१० गते शुक्रबार (तदनुसार मार्च २४, २०२३)

**समय** : बिहान ११.०० बजे ।

**स्थान** : मकवानपुरको हेटौंडा स्थित होटल सामना प्रा.लि.को सभा हल ।

**छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७८/०७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्वन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/०८० का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री **P.L.R.G. Associates** ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ ।)

४. सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व.२०७८/०७९ सम्मको संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,३२,४१,००,०००/- (अक्षरेपी दुई अर्ब बत्तिस करोड एकचालिस लाख) को ३.२६ प्रतिशतले हुन आउने रकम रु.७,५७,६५,६६०/- (अक्षरेपी सात करोड सन्ताउन्न लाख पैंसठ्ठी हजार छ सय साठी मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. यस वित्तीय संस्थाको अधिकृत पुँजी रु.२ अर्ब ५० करोडबाट वृद्धि गरि ३ अर्ब ७५ करोड पुऱ्याउने सम्वन्धमा ।

२. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व.२०७८/०७९ सम्मको संचितको मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,३२,४१,००,०००/- अक्षरेपी दुई अर्ब बत्तिस करोड एकचालिस लाख रुपैया मात्र) को २२ प्रतिशतका दरले हुन आउने रकम रु.५१,१३,०२,०००/- (अक्षरेपी एकाउन्न करोड तेह्र लाख दुई हजार मात्र) बराबरको वोनश शेयर जारी गरी वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.२,८३,५४,०२,०००.०० (अक्षरेपी दुई अर्ब त्रियासी करोड चवन्न लाख दुई हजार रुपैया मात्र) पुऱ्याउने सम्वन्धि प्रस्ताव स्वीकृत गर्ने ।

३. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा वढि लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती **(Merger/Acquisition)** गर्न उपयुक्त देखिएमा सो सम्वन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

४. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने (जारी र चूक्ता पूँजी वृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक संशोधन गर्ने) तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति (वा संचालक समितिले तोकेको पदाधिकारी) लाई अधिकार दिने ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :**

१. शेयरधनी दर्ता किताब बन्द रहने : २१औं बार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज यही मिति :२०७९/११/२५ गते देखि २०७९/१२/१० गतेसम्म बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरिएको मिति भन्दा अगावै अर्थात मिति २०७९/११/२३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणका आधारमा कायम रहेका शेयरधनीहरु यस साधारण सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण वा परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ ।

३. २१औं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाइनेछ । कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेवसाईट (**www.chhimekbank.org**) मा पनि हेर्न सक्नुहुनेछ । साथै, वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाण्डौं-३१, मध्यबानेश्वर वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., नागपोखरी र सभा हुने दिन सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।

५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभाहुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०७९/१२/०८ गते बिहानको ११:०० बजे (अर्थात् सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै) भित्र वित्तीय संस्थाको काठमाण्डौं-३१, मध्यबानेश्वर स्थित केन्द्रीय कार्यालय वा हेटौंडा, मकवानपुर स्थित शाखा कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।

८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९. कोभिड-१९ को जोखिमबाट बच्न सभामा भाग लिने सम्पुर्ण शेयरधनी महानुभावहरुले सो सँग सम्बन्धीत स्वास्थ्यका मापदण्डहरु पुर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१०. अन्य थप जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।